कार्यसूची:

१. विनियोजन विधेयक अन्तर्गत विभिन्न शीर्षकहरुको बजेट विनियोजन बैठकमा पेश गर्ने ।

२. आ.व. ०८१/८२ को कर्मचारी दरबन्दी तेरिज बैठकमा पेश गर्ने ।

३. कार्यक्रम खर्च मापदण्ड बैठकमा पेश गर्ने ।

४. करार तथा मासिक ज्यालादारी कर्मचारीहरुको म्याद थप बैठकमा पेश गर्ने ।

५. करार तथा मासिक ज्यालादारी कर्मचारीहरुको तलबमान, रासन भत्ता लगायत अन्य प्रशासनीक विषय बैठकमा पेश गर्ने ।

६. सुरक्षित आप्रवासन (सामी) कार्यक्रमको आगामी चरण संचालन तथा व्यवस्थापनसँग समवन्धित विषय बैठकमा पेश गर्ने ।

७. न्यायीक समितिको बार्षिक प्रगति प्रतिवेदन छलफलका लागि बैठकमा पेश गर्ने ।

८. उर्जा प्रभावकारी भवन निर्माण विवरण बैठकमा पेश गर्ने ।

९ मिल्की वे परियोजना सपपुरक कोष सम्बन्धी विषय बैठकमा पेश गर्ने ।

१०. मिल्की वे परियोजनाका लागि परियोजना माग बैठकमा पेश गर्ने ।

११. वडा सचिवको भ्रमण भत्ता तथा बैठक भत्ता सम्बन्धमा बनेको बैठक भत्ता तथा भ्रमण खर्च सम्बन्धी कार्यविधि २०८१ छलफलका लागि बैठकमा पेश गर्ने ।

१२. सिन्धुलीगढी मिनी पार्क सम्बन्धी विवरण बैठकमा पेश गर्ने ।

१३. वि पी हाइवे सम्बन्धमा ।

१४. प्रशासनीक भवन निर्माण सम्बन्धमा ।

निर्णयहरु:

१. यस बैठकमा विनियोजन विधेयक अन्तर्गत पारित हुन बाँकी तपसिलका अनुसूचीहरु उपप्रमुख श्री मञ्जु देवकोटाले पेश गर्नु भएको र यस उपर बैठकमा दफावार छलफल भई पारित गरियो ।

तपसिल:

| | |
|---|---|
| अनुसूचि नं. ६ : | शाखा / उपशाखा / इकाईको बजेट बाँडफाँड |
| अनुसूचि नं. ७ : | वडागत बजेट बाँडफाँड |
| अनुसूचि नं. ८ : | संघीय सरकार सशर्त अनुदान |
| अनुसूचि नं. ९ : | संघीय सरकार विशेष अनुदान |
| अनुसूचि नं. १० : | प्रदेश सरकार सशर्त अनुदान |
| अनुसूचि नं. ११ : | प्रदेश सरकार विशेष अनुदान |

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

अनुसूचि नं. १२ : प्रदेश सरकार समपुरक अनुदान
अनुसूचि नं. १३ : आर्थिक वर्ष २०८०/८१ को भुक्तानी बाँकी कार्यक्रम

२. कर्मचारीको दरबन्दी तेरीजका सम्बन्धमा कार्यपालिकाबाट सिफारीस भई स्वीकृतीका लागि पेश भए अनुसार यस सम्बन्धमा छलफल भई आ.व. २०८१/८२ को कर्मचारी दरबन्दी तेरिज पारित गरियो ।

३. नगरपालिकाले गर्ने विभिन्न कार्यक्रमहरु जस्तो तालिम, अभिमुखिकरण, गोष्ठी, सेमिनार, अन्तरक्रिया, छलफल, उद्घाटन तथा अन्य कार्यक्रमहरुका सम्बन्धमा खर्च मापदण्ड नतोकिएको हकमा कार्यपालिकाबाट कार्यक्रम खर्च मापदण्ड स्वीकृतीका लागि सिफारीस भएकाले यस सम्बन्धमा छलफल भई पारित गरियो ।

४. करार तथा मासिक ज्यालादारी कर्मचारीहरुको म्याद थप सम्बन्धमा–नगरपालिकामा करार तथा मासिक ज्यालादारीमा कार्यरत कार्यालय सहयोगी, स्वीपर, सवारी चालक, नगरप्रहरी, कम्प्यूटर अपरेटर, न्यायीक सहजकर्ता लगायत अन्य विभिन्न प्राविधिक तर्फका कर्मचारीहरुको आर्थिक वर्ष २०८१/८२ का लागि दरबन्दी कायम गरी २०८१ श्रावण १ गते देखि लागू हुने गरी ६ महिनाको लागि म्याद थप गर्ने कार्यपालिकाको सिफारीस अनुसार छलफल गरी पारित गरियो ।

५. करार तथा मासिक ज्यालादारी कर्मचारीहरुको तलबमान तथा रासन भत्ता सम्बन्धमा आर्थिक वर्ष २०८१/८२ का लागि नगरसभाले स्वीकृत गरेको नीति तथा कार्यक्रम अनुसार नगरपालिकामा रहेर काम गर्दै आएका विभिन्न करार तथा मासिक ज्यालादारी कर्मचारीहरुको तलबमान नेपाल सरकारले स्वीकृत गरेको सम्बन्धीत तह र पद अनुसारको हुने र हाल नगरपालिकाबाट रासन भत्ता पाइ रहेका नगर प्रहरी लगायतका कर्मचारीहरुको रासन भत्ता रु. ४,५०० ।– कायम गरिने नीति अनुरुप श्रावण १ गतेदेखि लागू हुनेगरी कार्यपालिकाबाट सिफारिस भई आएको साथै यस नगरपालिकामा हेभी सवारी चालकको रुपमा काम गर्दै आइरहेका र हेभी सवारी चालक अनुमती पत्र भएका तर हलुका सवारी चालकको तलब भत्ता पाइरहेका चालकहरुलाई श्रावण १ गतेदेखि लागू हुने गरी हेभी सवारी चालकको रुपमा करार सम्झौता गर्ने निर्णय गरियो । वडा नं १ र २ मा सामाजिक परिचालकको पदमा रही कम्प्यूटर अपरेटर, चौथोको कामकाज गर्दै आएका कर्मचारीहरुलाई मासिक ज्यालादारीमा कम्प्यूटर अपरेटर पद कायम गर्ने निर्णय गरीयो ।

६. सुरक्षित आप्रवासन (सामी) कार्यक्रम नेपाल सरकार र स्वीस सरकारबीच द्विपक्षीय सम्झौता बमोजिम रोजगारीको क्षेत्रलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने उद्देश्यका साथ यस नगरपालिकामा पनि संचालनमा रहेको छ । मन्त्रालयको पत्र तथा LMBIS अनुसार हाल भई रहेका कर्मचारी मध्ये कार्यक्रम संयोजक अधिकृत छैटौं र आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता सहायक स्तर पाँचौं तहको कर्मचारीको पुरै तलब सुविधा

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

मन्त्रालयबाट उपलब्ध हुने, मनोसामाजिक परामर्शकर्ता सहायक स्तर पाँचौ र वित्तिय साक्षरता सहजकर्ता सहायक स्तर पाँचौंको तलव सुविधा ५० प्रतिशत मन्त्रालयलबाट उपलब्ध हुने र बाँकी ५० प्रतिशत नगरपालिकाबाट लागत साझेदारी गर्नु पर्ने, सामाजिक परिचालक सहायक स्तर पाँचौ तह र रिटर्नी स्वयम् सेवक २ जनाको तलव सुविधा पुरै नगरपालिकाले व्यहोर्नु पर्ने भएको र यसरी माथि उल्लेखित पदहरुको तलव सुविधा व्यहोर्दा रु. १३,५२,९८० । (तेह्र लाख बाउन्न हजार नौ सय असी मात्र) नगरपालिकाले लागत साझेदारी गर्नु पर्ने हुँदा माथि उल्लेखित रकम लागत साझेदारी गरी कार्यक्रम संचालनलाई निरन्तरता दिनका साथै हाल कार्यक्रम अन्तर्गत कार्यरत कर्मचारीहरुको सेवा निरन्तरता समेत दिने कार्यपालिकाबाट सिफारीस भई आएको सम्बन्धमा बैठकमा छलफल गरी पारित गरियो ।

७. आर्थिक वर्ष २०८०।८१ मा न्यायीक समितिले गरेका विभिन्न कार्यहरुको प्रगति प्रतिवेदन छलफल भई पारित गरियो ।

८. यस नगरपालिका क्षेत्र भित्र भवन निर्माण स्वीकृति प्रक्रियामा उर्जा प्रभावकारिता समेत कायम गरी पर्यावरण मैत्री भवन बनाउने इच्छुक घरधनीहरुलाई सहजीकरण गर्न तथा सबै सरकारी एवं सार्वजनिक भवनहरुमा त्यस्तो प्रविधिको प्रयोगलाई अनिवार्य गरी उदाहरणको रुपमा स्थापित गर्न उर्जा प्रभावकारी भवन निर्माण सम्बन्धी मापदण्ड कार्यपालिकाबाट सिफारीस भई आएकाले बैठमा छलफल भई पारित गरियो ।

९. यस नगरपालिका क्षेत्रमा विगत ३ वर्षदेखि कार्यान्वयनमा रहेको मिल्की वे परियोजनालाई यस नगरपालिकाको अन्य विविध आर्थिक विकासका क्षेत्रमा विस्तार गर्न आवश्यक पर्ने आर्थिक एवं गैह्र आर्थिक सहयोगको क्षेत्रमा समपुरक कोषको व्यवस्था गर्न कार्यपालिकाबाट सिफारीस भई आएकाले बैठकबाट पारित गरियो ।

१०. यस नगरपलिका क्षेत्रमा संचालको तयारीमा रहेको उन्नत जातका होलस्टेन गाई पालन, सुधारिएको गोठ, मिल्की वे परियोजना संचालन गर्न बुटीक डेरी, कमलामाई नगरपालिका भित्र खानेपानी संचालन, साइलेज फ्याक्ट्री, सिंचाईको प्रबन्ध गर्न हेफर नेपाल, हेफर इन्टरनेशनल कोरिया र कोरियन दातृ संस्था कोइकासँग कमलामाई नगरपालिकाको कार्यालयले लागत साझेदारीमा परियोजना माग गर्ने लगायत विभिन्न दातृ निकायसँग साझेदारीमा काम गर्ने निर्णय गरियो ।

११. वडा सचिवको भ्रमण भत्ता तथा बैठक भत्ता सम्बन्धमा बनेको बैठक भत्ता तथा भ्रमण खर्च सम्बन्धी कार्यविधि २०८१ छलफल भई पारित गरियो ।

१२. सिन्धुलीगढी क्षेत्रको उपयुक्त स्थानमा सिन्धुलीगढीको युद्धसँग सम्बन्धित योद्धा तथा युद्ध झल्कने वास्तुकला सम्बन्धित इतिहासको लेखन सहितको मिनी पार्क निर्माण गर्न नगर कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

3

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

१३. कमलामाई नगरपालिका हुँदै जाने वि.पी. हाइवे अन्तर्गत दुवै तर्फ १५–१५ मिटरको मुआब्जा नेपाल सरकारले दिइसकेको हुनाले कमलामाई नगरपालिकाको नगरसभाबाट पास भएको सेटब्याक ६–६ मिटर दुवै तर्फ लिने र दुवै तर्फ २१–२१ मिटर बाहिर घर नक्सा पास गर्ने मापदण्ड तयार गरी जग्गावालालाई आफ्नो स्वामीत्वको जग्गालाई अस्थायी स्थायी संरचना बनाउन पाउने निर्णय गरियो ।

१४. कमलामाइ नगरपालिका केन्द्रको प्रशासनीक भवन निर्माणको लागि नगरपालिकासँग आन्तरिक आयश्रोत समेत प्रयाप्त नभएको अवस्थाले भवन निर्माण हालसम्म हुन सकेको छैन। यस कार्यका लागि नगरपालिकाको लागत साझेदारीमा नेपाल सरकार सहरी विकास मन्त्रालयसँग बजेट माग गर्ने निर्णय गरियो ।

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख